# नेपालमा लैङ्गिक वित्त लगानी

## लैङ्गिक समानता सुधार सम्बन्धी कोष सहायताको मानचित्रण

मार्च २०२१



Friends of Publish What You Fund

Publish What You Fund
The Global Campaign for Aid and Development Transparency

## हामी को हौं

**फ्रेन्ड्स अफ पब्लिस ह्वाट यू फन्ड** सामयिक र सान्दर्भिक जानकारी पहुँचमा सुधार गरी विदेशी सहायताको अधिकतम प्रतिफल प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०१५ मा स्थापित भएको संस्था हो । यो संयुक्त राज्य अमेरिकाको कार्यमा विशेष केन्द्रित रहन्छ ।

**पब्लिस ह्वाट यु फण्ड** सहायता र विकास पारदर्शिता सम्बन्धी एउटा विश्व अभियान हो । हामीले एउटा यस्तो विश्वको परिकल्पना गरेका छौं जहाँ सहायता र विकास सम्बन्धी जानकारी पारदर्शी रहन्छ, सहजै उपलब्ध हुन्छ र प्रभावकारी निर्णय प्रक्रिया, सार्वजनिक जवाफदेहिता र सबै नागरिकहरूको लागि दीर्घकालीन परिवर्तन ल्याउने कार्यका लागि प्रयोग गरिन्छ ।

## हाम्रो परियोजनाको बारेमा

**लैङ्गिक वित्त परियोजनाको** लक्ष्य भनेको लैङ्गिकतासँग सम्बन्धित वित्तीय र कार्यक्रमगत तथ्यांकको प्रकाशनमा सुधार ल्याउनु हो । जसले सम्बन्धित सरोकारवालाहरूलाई कोष लगानीलाई दिशा (वा पुर्नदिशा) दिन, कोष लगानीमा रहेको दूरी समन्वयात्मक रूपमा सम्बोधन गर्न र दाता एवम् साझेदार सरकारहरूलाई लैङ्गिक समानताका लागि उनीहरूले गरेका प्रतिबद्धताहरूमा जवाफदेही बनाउन मद्दत गर्दछ । यसले लैङ्गिक समानता कार्यक्रममा अझ प्रभावकारी कोष लगानीको सुनिश्चितता गर्दै अधिकतम विकास प्रतिफल हासिल गर्न योगदान गर्ने अपेक्षा गरिएको छ ।

हामीले तीनवटा मुलुक **केन्या, नेपाल र ग्वाटेमाला**मा मामिला अध्ययन (केस स्टडी) गऱ्यौं । प्रत्येक देशको लागि हामीले सरकारी बजेट र खुला तथ्यांक पोर्टलहरू लगायतका सार्वजनिक जानकारीहरूको उपलब्धता र गुणस्तरको मूल्याङ्कन गऱ्यौं, तथ्यांक प्रयोग सम्बन्धमा प्राथमिक तथ्यांक सङ्कलन गऱ्यौं, र उपलब्ध लैङ्गिक कोष लगानीको अनुगमन गऱ्यौं । यी सबै गर्नुको उद्देश्य भनेको सरकार र अन्तर्राष्ट्रिय कोषदाताहरूले लैङ्गिक अभियन्ताहरूको आवश्यकताहरू कसरी राम्रोसँग पूरा गर्न सक्छन् भन्ने निर्धारण गर्नु थियो । सबै मुलुकहरूमा गरिने अध्ययनमा एकरूपताको सुनिश्चित गर्न हामीले साझा कार्यविधि प्रयोग गऱ्यौं, जसअन्तर्गत दस्तावेज अध्ययन र तथ्यांक विश्लेषण, अन्तर्वार्ता, सर्वेक्षण र लैङ्गिक समानता सहायता कोषका प्रमुख दाताहरूसँग परामर्शको मिश्रण गरेका थियौं । हाम्रो मुलुक छनौट र अनुसन्धान विधि सम्बन्धी थप विस्तृत जानकारीको लागि हामीले प्रयोग गरेका कार्यविधि हेर्नुहोस् ।

हामी यी प्रत्येक देशका यी अध्ययनलाई सन् २०२१ मा प्रकाशित हुने हाम्रो ग्लोबल ट्रान्सपरेन्सी रिपोर्टमा प्रस्तुत गरी विभिन्न सरोकारवाला समूहका लागि पारदर्शिता र जवाफदेहितामा सुधारका विश्वव्यापी सिफारिसहरू प्रदान गर्न प्रयोग गर्नेछौं ।

## यो प्रतिवेदनको बारेमा

यो प्रतिवेदनको अनुसन्धान र लेखन जेमी होल्टन र हेनरी लुइसले गरेका हुन् र यसको पुनरावलोकन एलेक्स फार्ली-किवानुका र स्याली प्याक्सटनले गरेका हुन् ।

यो प्रतिवेदन सेभ द चिल्ड्रन युएस र प्लान इन्टरनेशनल युएसएको सहयोगमा तयार गरिएको हो । यी दुवै संस्था लैङ्गिक समानता, मानवीय प्रतिकार्यको स्थानीयकरण र विकास सहायताको विश्व अभियन्ता हुन् । उनीहरूले यस परियोजनालाई आफ्नो कार्य निरन्तरताको रूपमा सहयोग गरिरहेका छन् । जसअन्तर्गत ग्रयान्ड बार्गेन र आपतकालमा हुने लैङ्गिक हिंसाको प्रतिकार्यका लागि आह्वानजस्ता ढाँचालाई सहयोग गर्ने, स्थानीय अगुवाइको विकास कार्यलाई अघि बढाउने, कोष लगानीको लचकता निर्धारण गर्न र महिला अधिकार संस्थाहरू र किशोरी नेतृत्वको समूह र सञ्जाललाई सबल बनाउने लगायतका छन् । हाम्रो टीमले नेपालमा हाम्रो परामर्शदाता स्वेच्छा दाहाल, सेभ द चिल्ड्रन नेपालमा कार्यरत सोनी प्रधान र प्लान इन्टरनेशनलका मदन जोशीबाट अनुसन्धान र पैरवी सहयोग प्राप्त गऱ्यो ।

यस प्रतिवेदनको प्रतिलिपि सम्पादन लिज एभर्सले गरेका हुन् भने यसको डिजाइन डेफिनिट डट डिजाइनले गरेको हो ।

## कृतज्ञता

यस प्रतिवेदनको सुरू मसौदामा पृष्ठपोषण प्रदान गर्नुहुने निम्न व्यक्ति र संस्थाहरूप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौं :
लेस्ली अर्समब्युल्ट (सेभ द चिल्ड्रन युएस), एसियाली विकास बैंक, लोरी ब्रुमहल (प्लान इन्टरनेशनल युएसए), लिला क्याबालेरो (एक्सन एड युके), तेन्जिन डोल्कर (एसोसिएसन फर वुमन्स राइट्स इन डेभलपमेन्ट - AWID) ग्लोबल अफेयर्स क्यानडा, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका), जे जोन्सन (SEEK डेपलपमेन्ट), पेट्या कान्गोलोभा (अन्तर्राष्ट्रिय सहायता कोष पारदर्शिता पहलको सचिवालय ( IATI सचिवालय), सारा स्याक्डफ (अन्तर्राष्ट्रिय सहायता कोष पारदर्शिता पहलको सचिवालय ( IATI सचिवालय), मेगन ओ'डोनल (सेन्टर फर ग्लोबल डेभलपमेन्ट - CGD), जेनी रसेल (सेभ द चिल्ड्रन युएस), केरी स्मिथ (डेभलपमेन्ट इनिसिएटिभ्स), एन्ड्रयु वेइनर (सेभ द चिल्डन युएस), र विश्व बैंक समूह ।

## विषयसूची


| | |
|---|---|
| यस प्रतिवेदनमा प्रयोग भएका प्रमुख शब्दावलीहरू | ३ |
| प्रयोग गरिएका विधि तथा नमुनाहरू | ३ |
| कार्यकारी सारांश | ४ |
| परिचय | ५ |
| नेपालमा किन राम्रो लैङ्गिक वित्त तथ्यांक आवश्यक छ | ५ |
| नेपाल सरकारले लैङ्गिक समानतामा गरेको खर्च | ६ |
| लैङ्गिक वित्त तथ्यांकमा सुधारका लागि नेपाल सरकारले विचार गर्नुपर्ने प्रमुख कुराहरू | ७ |
| अन्तर्राष्ट्रिय दाताहरूबाट गरिएका लैङ्गिक वित्त सहायता | ८ |
| विभिन्न डाटासेटहरूले लैङ्गिक सहायता कोषको फरक-फरक चित्र देखाउँछन् | ११ |
| दाताको लैङ्गिक वित्त सहायताले नेपालमा फरकपन ल्याइरहेको छ त भन्ने कुरा थाहा पाउन किन कठिन छ | १३ |
| लैङ्गिक वित्त तथ्यांकमा सुधारका लागि अन्तर्राष्ट्रिय दाताहरूले विचार गर्नुपर्ने प्रमुख कुराहरू | १४ |
| वर्तमान लैङ्गिक सहायता कोष चित्रबाट के कुरा छुटेको छ | १५ |
| निष्कर्ष | १५ |


## बाकस, चित्र र तालिकाहरू


| | | |
|---|---|---|
| बाकस १ : | नेपालबारे केही तथ्यहरू | ४ |
| चित्र १ : | नेपालमा भएका लैङ्गिक समानताका कार्य सम्बन्धी सार्वजनिक रूपमा उपलब्ध तथ्यांकको परिमाण र गुणस्तरसँग तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ ? (सर्वेक्षण उत्तरदाताहरूको सङ्ख्या) | ५ |
| तालिका १ : | पछिल्लो तीनवटा बजेट अनुसार नेपालको राष्ट्रिय लैङ्गिक वित्तको संक्षिप्त जानकारी | ६ |
| बाकस २ : | OECD-DAC को लैङ्गिक समानता नीति सूचक (Gender equality policy marker)* | ८ |
| तालिका २ : | OECD CRS तथ्यांक अनुसार सन् २०१८ मा नेपालको लागि अन्तर्राष्ट्रिय दाताको कोष लगानीको संक्षिप्त जानकारी | ९ |
| तालिका ३ : | OECD CRS र IATI डाटासेटहरूबीचको प्रमुख भिन्नताहरू | ११ |
| तालिका ४ : | OECD-DAC लैङ्गिक समानता नीति संकेत अनुसार OECD CRS र IATI मा गरिएको प्रतिवेदन, र GRB वर्गीकरण अनुसार AMIS मा गरिएको प्रतिवेदनको आधारमा शीर्ष पाँच कोषदाताहरूको तुलना | १२ |
| चित्र २ : | नेपालका लागि सन् २०१८ मा धेरै कोष प्रवाह गर्ने शीर्ष पाँच दाताहरूले गरेको प्रतिवेदन अनुसार प्रमुख वा मुख्य OECD-DAC लैङ्गिक समानता नीति संकेत स्कोर भएका लैङ्गिक समानता परियोजनाहरूको सङ्ख्या | १३ |

## यो प्रतिवेदनमा प्रयोग गरिएका प्रमुख शब्दावलीहरू

| | |
|---|---|
| **लैङ्गिक समानता** | हाम्रो प्रतिवेदन नेपाल सरकारको लैङ्गिक समानता सम्बन्धी कोष वर्गीकरण[१] र दाताले प्रयोग गरेको आर्थिक सहयोग तथा विकास संगठन अन्तर्गतको विकास सहायता समिति (OACD-DAC) को लैङ्गिक समानता नीति संकेतबाट, मार्गदर्शित छ । अन्तर्राष्ट्रिय दाताहरूले OEC-DAC सूचकलाई आफ्नो अन्तर्राष्ट्रिय कोष सहायता पारदर्शिता पहल (IATI) को तथ्यांकमा पनि प्रतिवेदन गर्न सक्छन् ।[३] |
| **लैङ्गिक वित्त** | लैङ्गिक समानतामा सुधार गर्ने उद्देश्यले प्रवाह गरिएका वा प्रतिबद्धता व्यक्त गरिएका सहायता कोष । यसमा सरकारको लैङ्गिक उत्तरदायी बजेट र अन्तर्राष्ट्रिय दाताहरूको लैङ्गिक सहायता कोषहरू पर्दछ । |
| **लैङ्गिक उत्तरदायी बजेट तर्जुमा (GRB)** | अक्सफाम र महिला बजेट समूहको निर्देशिका[४] अनुसार लैङ्गिक उत्तरदायी बजेट भन्नाले एउटा त्यस्तो बजेट हो जसले हरेक व्यक्तिको लागि कार्य गर्दछ । यसले लैङ्गिक समतामूलक हिसाबले स्रोतहरूको वितरण सुनिश्चित गर्दछ भने सबैको लागि समान अवसर सिर्जनामा योगदान गर्दछ गर्दछ । |
| **लैङ्गिक सहायता कोष** | लैङ्गिक समानतामुखी पहलमा सहयोग गर्न द्वीपक्षीय सरकारबाट र बहुपक्षीय निकाय एवम् परोपकारी फाउण्डेसनहरू जस्ता अन्तर्राष्ट्रिय दाताहरूबाट प्रदान गरिने विकास सहायता कोष । यस्ता कोषको वर्गीकरण गर्दा तिनको लैङ्गिक समानता उद्देश्य **प्रमुख (१ अंक)** वा **मुख्य (२ अंक)** मध्ये कुन हो भन्ने आधारमा गरिन्छ । OECD-DAC अध्ययन पुस्तिकाले[५] लैङ्गिक समानता विषय भएका सहायता कोष अन्तर्गतका परियोजना/कार्यक्रमहरू प्रमुख (१ अंक) वा मुख्य (२ अंक) के हो भनी वर्गीकरण गर्ने मापण्डहरू प्रस्तुत गर्दछ । |
| **वित्तीय तथ्यांक** | कोषदाताहरूको कोष प्रवाह वा प्रतिबद्धताहरू सम्बन्धी जानकारी |
| **कार्यक्रमगत तथ्यांक** | कोषदाताहरूको परियोजना वा कार्यक्रमहरू सम्बन्धी जानकारी । यसमा आधारभूत जानकारी (जस्तै शीर्षक, विवरण र प्रदेश तथा स्थानीय कार्यक्षेत्रहरू) र विस्तृत कार्यसम्पादन जानकारी (जस्तै उद्देश्य, नतिजा र मूल्याङ्कनहरू) रहन्छन् । |

## प्रयोग गरिएका विधि तथा नमुना

त्यस प्रतिवेदनको खोज निष्कर्षहरू र सिफारिस गरिएका विचार गर्नुपर्ने पक्षहरू तलका अनुसन्धान विषयहरूमा आधारित छन् :

- **बजेट तथा नीति विश्लेषण :** नेपालको २०७४/७५, २०७५/७६ र २०७६/७७ को संघीय बजेटहरू कुन हदसम्म लैङ्गिक समानता सुधार गर्नेमा केन्द्रित छन् भनी मूल्याङ्कन गर्‍यौं । हामीले नेपालको वर्तमान लैङ्गिक समानता र तथ्यांक पारदर्शिता नीतिहरू पनि विश्लेषण गर्‍यौं ।

- **अन्तर्राष्ट्रिय दाताहरूको कोष सहायता विश्लेषण** : हामीले अन्तर्राष्ट्रिय दाताहरूले OECD को क्रेडिटर रिपोर्टिङ सिस्टम (CRS) मा सन् २०१८[६] मा पठाएको जानकारी विवरणको आधारमा उनीहरूको लैङ्गिक सहायता कोषको विश्लेषण गर्‍यौं । हामीले धेरै कोष प्रवाह गर्ने शीर्ष पाँच दाताहरूले प्रकाशित गरेको तथ्यांकको उपलब्धता र गुणस्तर एवम् सन् २०१८ मा नेपालको लागि उनीहरूको धेरै कोष प्रवाह भएका शीर्ष पाँच परियोजनाहरूको पारदर्शिता मूल्याङ्कन पनि गर्‍यौं । हामीले सुरूवात बिन्दुको रूपमा OECD CRS २०१८ प्रयोग गर्‍यौं र यसलाई इन्टरनेशनल एड ट्रान्सपरेन्सी इनिसिएटिभ्स (IATI) को विकास पोर्टल,[७] नेपाल सरकार अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणाली (AMIS) पोर्टल,[८] र दाताहरूको आफ्नै अनलाइन परियोजना पोर्टलहरूमा उपलब्ध जानकारीसँग तुलना गर्‍यौं र थप जानकारी त्यसबाट पनि लियौं । थप विस्तृत जानकारीको लागि हाम्रो मूल्याङ्कन कार्यविधि[९] र मूल्याङ्कन गरिएका लैङ्गिक परियोजनाहरूको सूची हेर्नुहोस् ।[१०]

- **अन्तर्वार्ता :** हामीले नेपालमा लैङ्गिक समानताका क्षेत्रमा कार्यरत प्रमुख सरोकारवालाहरूसँग २३ वटा अन्तर्वार्ता गर्‍यौं । हामीले उनीहरूलाई नेपालको वर्तमान लैङ्गिक वित्त परिदृष्यका साथै उनीहरूको तथ्यांक सम्बन्धी प्राथमिकता बताउन अनुरोध गर्‍यौं र लैङ्गिक वित्त सम्बन्धी तथ्यांक प्रकाशनमा सुधार ल्याउन गर्नुपर्ने कुराहरूमा सुझाव माग्यौं । अन्तर्वार्तामा केन्द्र सरकार (६ जना सहभागी) र प्रदेश सरकार (एक जना), नेपालका गैरसरकारी संस्था (६ जना), अन्तर्राष्ट्रिय दातृ निकाय (चार जना), अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (तीन जना), संयुक्त राष्ट्रसंघीय निकाय (दुई जना) र महिलावादी अभियान/महिला अधिकारवादी संस्था (१ जना)बाट सहभागिता थियो ।

- **अनुवर्ती (फलोअप) सर्वेक्षण :** हाम्रो अन्तर्वार्ताका खोज निष्कर्षलाई पूर्ण बनाउने पूरकको रूपमा हामीले सबै अन्तवार्ता सहभागीहरूलाई उनीहरूले प्रयोग गर्ने, साझा गर्ने र उनीहरूको लैङ्गिक समानताको लागि आवश्यक पर्ने तथ्यांक सम्बन्धी थप वर्गीकृत जानकारी उपलब्ध गराउन अनुरोध गर्दै बहुविकल्प अनलाइन सर्वेक्षण पठायौं । अन्तवार्ताका १२ सहभागीहरूले यो सर्वेक्षण भरे, जसमा नेपालका गैरसरकारी संस्थाबाट चार, अन्तर्राष्ट्रिय दातृ निकायबाट तीन, केन्द्र सरकारबाट दुई, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट एक, संयुक्त राष्ट्रसंघीय निकायबाट एक र महिलावादी अभियान/महिला अधिकारवादी संस्थाबाट एक जना थिए ।

## कार्यकारी सारांश

यस प्रतिवेदनले नेपालको सरकारी बजेट र खुला तथ्यांक पोर्टलहरू लगायतका सार्वजनिक जानकारीहरूको प्रयोग सहजता र गुणस्तर मूल्याङ्कन गर्दछ, तथ्यांक प्रयोग सम्बन्धी प्राथमिक तथ्यांक सङ्कलन गर्दछ, र उपलब्ध लैङ्गिक कोष लगानीको अनुगमन गर्दछ। यी सबै गर्नुको उद्देश्य भनेको नेपाल सरकार र अन्तर्राष्ट्रिय कोषदाताहरूले लैङ्गिक अभियन्ताहरूको आवश्यकताहरू कसरी राम्रोसँग पूरा गर्न सक्छन् भन्ने निर्धारण गर्नु थियो।

यसको खोज निष्कर्षहरूमा :

- नेपालमा लैङ्गिक समानता सुधारमा कार्यरत प्रमुख संस्थाहरू नेपालमा लैङ्गिक समानता कोष र गतिविधि सम्बन्धी उपलब्ध जानकारीमा त्यति सन्तुष्ट छैनन्। उपलब्ध जानकारीहरूको हाम्रो विश्लेषणले यो दृष्टिकोणलाई प्रष्ट पार्छ। नेपालमा लैङ्गिक समानतालाई कसरी सहयोग गरिँदैछ भन्नेमा सही, सामयिक, वृहत र पहुँचयोग्य जानकारी विना नेपाल सरकार र अन्य कोषदाताहरूलाई लैङ्गिक समानताका प्रतिबद्धताहरूमा उत्तरदायी बनाउन र कुन पहलहरूले नेपाललाई अझ बढी समान बनाउँछ र किन भन्ने कुरा थाहा पाउन असम्भव छ।

- नेपाल सरकारले राष्ट्रिय तहमा लैङ्गिक उत्तरदायी बजेटको विकास तथा प्रवर्द्धन गर्न र अन्तर्राष्ट्रिय कोष सहायताको अनुगमनका लागि वृहत सहायता व्यवस्थापन सूचना प्रणाली विकास गर्न उल्लेखनीय प्रयासहरू गरेको छ।

- अन्तर्राष्ट्रिय दाताहरूले आफ्नो कोष सहायतामा OECD-DAC लैङ्गिक समानता नीति संकेत प्रयोग गर्न उल्लेखनीय प्रयासहरू गरेका छन्, जसले नेपालमा लैङ्गिक समानताका कार्यमा सहयोग गर्ने उनीहरूको वित्तीय प्रतिबद्धताहरूको जानकारी उपलब्ध गराउन सम्भव बनाउँछ।

यी खोज निष्कर्षहरूको आधारमा हामी नेपाल सरकार, अन्तर्राष्ट्रिय दाता र लैङ्गिक समानताको पक्षमा कार्य गर्ने अन्य प्रमुख सरोकारवालाहरूले विचार गर्नुपर्ने कुराहरू प्रस्ताव गर्दछौं। यसले उनीहरूलाई आफूले गरेका प्रगतिको जगमा टेकेर प्रभावकारी रूपमा सहकार्य गर्दै अघि बढ्न सहयोग गर्दछ। यसबाट चालू लैङ्गिक समानता सम्बन्धी गतिविधिप्रति सचेतना बढाउन तथ्यांक प्रकाशित भएर प्रयोग भएका हुनेछन्, कार्यक्रम डिजाइनका लागि चाहिने जानकारी प्राप्त भएको हुनेछ, प्रभावकारी पहलहरूमा कोष पुनर्वितरण गर्ने सम्बन्धी परामर्श छलफलहरूमा सहज भएको हुनेछ र अन्ततः विकास प्रतिफलमा सुधार आएको हुनेछ।

### बाकस १ : नेपालबारे केही तथ्यहरू


- दिगो विकास लक्ष्य लैङ्गिक सूचकांकमा नेपालले १०० मा ५२.६ अंक प्राप्त गरेको छ। यसले लैङ्गिक समानतामा धेरै कमजोर उपलब्धि रहेको देखाउँछ। यो एसिया र प्यासिफिक क्षेत्रको औसत अंक (६४.४) भन्दा मुनि हो।[११]
- २०६८ सालको राष्ट्रिय जनगणना अनुसार, नेपालको जनसङ्ख्या २ करोड ६० लाख छ। यसमा ८३ प्रतिशत ग्रामीण क्षेत्रमा बसोबास गर्दछन्, ५१.५ प्रतिशत महिला र ४८.५ प्रतिशत पुरुष छन्, र ३५ प्रतिशत १५ वर्षभन्दा मुनिका बालबालिका छन्।[१२]
- विश्व बैंकले नेपाललाई न्यून-मध्यम आय भएको मुलुकमा वर्गीकरण गरेको छ।[१३] संयुक्त राष्ट्रसंघले नेपाललाई अति कम विकसित मुलुक भनी परिभाषित गरेको छ।[१४] सन् २०१९ को आँकडा अनुसार नेपालको प्रति व्यक्ति कूल ग्राहस्थ उत्पादन १०७१ डलर थियो।[१५]
- सन् २००६ मा, वृहत शान्ति सम्झौतामा हस्ताक्षर भएसँगै दशवर्षे आन्तरिक सशस्त्र द्वन्द्वको अन्त्य भयो। दुई वर्षपछि नेपाल संघीय प्रजातान्त्रिक गणतन्त्र बन्ने संक्रमणकालीन चरणमा प्रवेश गर्‍यो र २०७२ सालमा नयाँ संविधान जारी भयो।
- सन् २०१०/११ को पछिल्लो गरिबी तथ्यांक अनुसार नेपालको एक चौथाइ जनसङ्ख्या राष्ट्रिय गरिबी रेखामुनि रहेका छन्।[१६] तथापि, सन् २०२० मा गरिबी बढेको हुन सक्नेछ, किनकि कोभिड-१९ महामारीले गरिब र सङ्टासन्न, र अनौपचारिक क्षेत्रमा कार्य गर्ने घरपरिवारलाई असमानुपातिक रूपमा असर गरेको अनुमान गरिन्छ।[१७]
- नेपालमा १२२ भाषाहरू बोलिन्छन्। त्यसमध्ये नेपाली भाषा व्यापक रूपमा बोलिने (७८% जनसङ्ख्याले बोल्ने) र सरकारी कामकाजको भाषाको रूपमा रहेको छ।[१८]

## परिचय

नेपाल सरकारले सन् १९५६ को पहिलो पञ्चवर्षीय योजना देखि नै विकास योजनामा लैङ्गिक समानता र महिला सशक्तीकरण अवलम्बन गर्ने सम्बन्धी प्रतिबद्धता जनाउँदै आएको छ ।,[१९] लैङ्गिक समानतालाई कानुनी र नीतिगत ढाँचाहरूमा संस्थागत गरिएको छ । नेपालको संविधान २०७२ ले लैङ्गिक समानतालाई मौलिक हकको रूपमा स्थापित गरेको छ[२०] भने छुट्टै लैङ्गिक समानता तथा समावेशी नीति २०१३ विकास गरिएको छ ।[२१] दिगो विकास लक्ष्य ५ मार्फत् सरकारका सबै तहहरूले लैङ्गिक असमानताको सम्बोधन गर्न पर्याप्त लगानी वृद्धि गर्ने कुरामा प्रतिबद्धता पनि जनाएका छन् ।[२२] तसर्थ, लैङ्गिक समानताको लागि कोष लगानी - जसलाई हामी लैङ्गिक वित्त भन्दछौं - दिगो विकास लक्ष्य ५ हासिल गर्न सरकारहरूले गरेको प्रतिबद्धताको महत्वपूर्ण कडी हो । लैङ्गिक वित्तको अनुगमन र यसको नतिजाले हामीलाई के कार्य गरिँदैछ र कति प्रगति भएको छ भन्ने थाहा पाउन गर्दछ । कोभिड-१९ महामारीले स्रोतलाई धेरै सीमित बनाएको छ र यसले महिला एवम् बालिकाहरूलाई झनै असमानुपातिक रूपमा असर पारेको छ ।[२३] यसले कोष लगानी र लैङ्गिक समानता सम्बन्धी कार्यहरूको प्रभावकारिता सम्बन्धी स्पष्ट र भरपर्दो तथ्यांकको आवश्यकतालाई जोड दिन्छ ।

## नेपालमा किन राम्रो लैङ्गिक वित्त तथ्यांक आवश्यक

चित्र १ : **नेपालमा लैङ्गिक समानता सम्बन्धी सार्वजनिक रुपमा उपलब्ध तथ्यांकको परिमाण र गुणस्तरसँग तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ ? (सर्वेक्षणका उत्तरदाताको सङ्ख्या)**




**नेपालमा उपलब्ध लैङ्गिक वित्त सम्बन्धी तथ्यांकको परिमाण र/वा गुणस्तरसँग लैङ्गिक समानताका प्रमुख सरोकारवालाहरू त्यति सन्तुष्ट छैनन्** (चित्र १ हेर्नुहोस्) । हाम्रो सर्वेक्षणका तीन चौथाइ उत्तरदाताले (९ जना, मुख्यत: नेपालका गैरसरकारी संस्था, महिला अधिकारवादी संस्था, गैरसरकारी संस्था र संयुक्त राष्ट्रसंघीय निकायबाट सहभागी) नेपालमा लैङ्गिक समानताका कार्य सम्बन्धी सार्वजनिक रूपमा उपलब्ध वित्तीय र कार्यक्रमगत तथ्यांकको परिमाण र गुणस्तरसँग आफू त्यति सन्तुष्ट नरहेका बताए । उनीहरूको असन्तुष्टिको मुख्य कारणहरू भनेको तथ्यांकहरूमा विस्तृत विवरण नहुनु, विस्तृत लैङ्गिक वर्गीकृत तथ्यांक नहुनु, समयमै तथ्यांक प्रकाशन नगरिनु (अर्थात् पुरानो तथ्यांक रहनु), पहुँच नहुनु, तथ्यांकको स्रोतहरू भरपर्दो नहुनु, र गुणात्मक तथ्यांकको अभाव हुनु रहेका छन् । सर्वेक्षणका बाँकी एक चौथाइ (३ जना, दातृ निकाय र नेपाल सरकारबाट सहभागी) उत्तरदातामध्ये दुई जना तटस्थ रहे भने एक जनाले केही हदसम उपलब्ध तथ्यांकप्रति सन्तुष्ट रहेको बताए । कोष सहायता कहाँ, कसलाई र कुन क्षेत्रमा गइरहेको छ भन्नेमा स्पष्ट चित्रण गरिएको गुणस्तरीय तथ्यांकमा पहुँच नभएसम्म लैङ्गिक समानताबीच रहेको दूरी पहिचान गर्न र नेपालमा लैङ्गिक समानताको सम्बोधन गर्ने योजना बनाउन र कार्यक्रमहरूको कार्यान्वयन गर्न सरोकारवालाहरूलाई कठिन हुन्छ । विचार गर्नुपर्ने महत्वपूर्ण पक्ष के हो भने विचार र धारणामा देखिने मतभेदहरूले प्राय: तथ्यांक प्रकाशकहरू (जस्तै दाता र सरकार) र तथ्यांक प्रयोगकर्ताहरूले (नेपालका गैरसरकारी संस्था र महिला अधिकार वादी संस्था) तथ्यांकको सवालमा सहकार्य नगरिरहेको देखाउँछ । तथ्यांकको प्रकाशक र प्रयोगकर्ताहरूबीचको सहकार्य, वा यसको अभाव, यहाँ हाम्रो अनुसन्धान निष्कर्षहरूको एउटा साझा विषय हो ।

प्रतिवेदनको पछिल्ला खण्डहरूले नेपालमा सरकार र अन्तर्राष्ट्रिय दाताहरूको लैङ्गिक वित्त सम्बन्धी वर्तमान तथ्यांकको समीक्षा गर्दछ । त्यसपछि हामी उनीहरूको प्रकाशनमा सुधार गर्न र यो तथ्यांकमा लैङ्गिक समानताका क्षेत्रमा कार्यरत प्रमुख सरोकारवालाहरूसँग सहकार्य गर्न, र अन्तत: नेपालमा लैङ्गिक समानता सुधारका लागि सबै सरोकारवालाहरूको प्रयासमा कसरी सहयोग गर्न सकिन्छ भन्ने कुराहरू प्रस्ताव गर्नेछौं ।

## नेपाल सरकारबाट लैङ्गिक समानतामा गरिएको खर्च

आठौं पञ्चवर्षीय योजना (सन् १९९२-९७)[२४] अन्तर्गत वृहत नीतिमा लैङ्गिकतालाई मूलप्रवाहीकरण गर्ने नेपाल सरकारको पहल पछि गएर सन् २००५ मा लैङ्गिक उत्तरदायी बजेट संघीय प्रतिवद्धताको रूपमा औपचारिकता पायो । लैङ्गिक उत्तरदायी बजेटले राष्ट्रिय बजेटमा महिला, पुरुष र बालबालिकाको आवश्यकता र हितलाई प्रभावकारी सम्बोधन गर्ने लक्ष्यसाथ एउटा बलियो संयन्त्र प्रस्तुत गऱ्यो ।[२५] नेपालको सन् २००७/२००८ को बजेटबाट अर्थ मन्त्रालयले राष्ट्रिय बजेटको कुन हिस्साले महिलालाई कस्तो प्रकारले लाभ प्रदान गर्दछ भन्ने सम्बन्धमा लैङ्गिक वर्गीकरण निर्धारण गऱ्यो, यसमा:[२६]

**(क)** महिलालाई प्रत्यक्ष लाभ प्रदान गर्ने - अर्थात्, सरकारको लगानीका कार्यक्रमहरूले ५० प्रतिशत भन्दा बढी महिलालाई लाभ प्रदान गर्दछ,

**(ख)** महिलालाई अप्रत्यक्ष लाभ प्रदान गर्ने - अर्थात्, सरकारको लगानीका कार्यक्रमहरूले २५-५० प्रतिशत महिलालाई लाभ प्रदान गर्दछ, र

**(ग)** तटस्थ - अर्थात्, सरकारको लगानीका कार्यक्रमहरूले २० प्रतिशत भन्दा कम महिलालाई लाभ प्रदान गर्दछ ।

यी लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण पाँचवटा गुणात्मक सूचकहरूमा आधारित छन् । यसले बजेट विनियोजनलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गर्दै कोष लगानीले कार्यक्रमहरू तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता वृद्धि गर्छ गर्दैन, महिलाको रोजगार र आयआर्जनमा सहयोग गर्छ गर्दैन र महिलाको समयको उपयोग र हेरचाह कार्यमा सकारात्मक प्रभाव पार्छ पार्दैन भन्ने मूल्याङ्कन गर्दछ ।[२७] अर्थमन्त्रालयले हरेक वर्ष आफ्नो वेवसाइटमा नेपाली भाषाको रातो किताब बजेट प्रकाशित गर्दछ ।[२८] पछिल्लो तीनवटा बजेटहरूको विस्तृत विवरणको लागि तालिका १ हेर्नुहोस्

तालिका १ : **पछिल्लो तीनवटा बजेट अनुसार नेपालको राष्ट्रिय लैङ्गिक वित्तको संक्षिप्त जानकारी (बजेट चक्रको सुरू विनिमय दरमा)**[२९]

| **कोष लगानी** | २०१८/२०१९[३०] | २०१९/२०२०[३१] | २०१९/२०२०[३२] |
|---|---|---|---|
| **कूल वार्षिक बजेट (अमेरिकी डलरमा)** | १२ बिलियन | १४ बिलियन | १२ बिलियन |
| **महिलालाई प्रत्यक्ष लाभ प्रदान गर्ने कोष लगानी** | ३९% | ३८% | ३८% |
| **महिलालाई अप्रत्यक्ष लाभ प्रदान गर्ने कोष लगानी** | ३४% | ३६% | ३५% |
| **तटस्थ कोष लगानी** | २७% | २६% | २७% |
| **कूल लैङ्गिक उत्तरदायी बजेटको कोष रकम (अमेरिकी डलरमा)** | ८.९ बिलियन | १०.३ बिलियन | ९.१ बिलियन |
| **कूल लैङ्गिक उत्तरदायी बजेट कोषको प्रतिशत** | ७३% | ७४% | ७३% |

***नोट :*** *यस तालिकाले राष्ट्रिय तहमा भएका लैङ्गिक उत्तरदायी बजेटलाई समेट्छ । प्रत्येक बजेटमा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी थप विस्तृत विवरण सहितको अनुसूचीहरू संलग्न छन्, यसबाट प्रत्येक सरकारी निकाय अनुसार लैङ्गिक उत्तरदायी बजेटको वर्गीकरण (महिला, बालबालिका र ज्येष्ठ नागरिक समेत), सरकारी निकाय, प्रदेश र स्थानीय सरकारका वेवसाइटहरूमा खास बजेटहरूलाई अनुगमन गर्न सकिन्छ । (उदाहरणको लागि रैनादेभी छहारा गाउँपालिकाको बजेट हेर्नुहोस्)*[३३]

राष्ट्रिय तहमा लैङ्गिक उत्तरदायी बजेट वर्गीकरणको आधार निर्माण र निरन्तरताले नेपाल विश्वमा एउटा अग्रणी मुलुक देखिन्छ, तर पनि लैङ्गिक समानताका लागि सरकारी खर्च सम्बन्धी उपलब्ध तथ्यांकले राष्ट्रिय लैङ्गिक वित्तको वृहत र पूर्ण चित्र प्रदान गर्दैन । वर्तमान लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शनले पनि लैङ्गिक उत्तरदायी बजेट राष्ट्रिय लैङ्गिक नीतिहरूसँग कसरी जोडिन्छ भनेर स्पष्ट बताउँदैन । यसर्थ, राष्ट्रिय लैङ्गिक उत्तरदायी बजेटले नेपालको राष्ट्रिय लैङ्गिक प्राथमिकताहरू कसरी पूरा गर्ने सोच राखेको छ भन्ने स्पष्ट देखिँदैन ।

नेपालको लैङ्गिक उत्तरदायी बजेट तुलनात्मक रूपमा स्पष्ट भए पनि यसको कार्यान्वयन र खर्चको अनुगमन गर्ने कार्य चुनौतीपूर्ण नै छ । लैङ्गिक उत्तर दायी बजेट प्रणालीले अझै पनि विभिन्न मन्त्रालय, प्रदेश र स्थानीय सरकारहरूबाट गरिएका समग्र गतिविधिहरूसँग सम्बन्धित तथ्यांक प्रदान गर्न बाँकी छ । यसमा लैङ्गिक समानताका कार्यक्रमहरू कार्यान्वयन गर्न सशर्त अनुदान प्राप्त गर्नेछ भन्ने समेत हुनुपर्छ । तथापि, प्रदेश र स्थानीय सरकारहरूले उनीहरूको आफ्नो बजेटहरूमा लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण आधार लागू गर्नुपर्ने जरुरी नभएकोले उनीहरूले अन्ततः नेपालमा लैङ्गिक समानताका गतिविधिमा कति रकम र कसरी खर्च गर्छन् भन्ने प्रष्ट देखिँदैन । तसर्थ, राष्ट्रिय बजेट अनुसूचीहरूले प्रत्येक सरकारी मन्त्रालय र निकाय अनुसार लैङ्गिक उत्तरदायी बजेट वितरणको वर्गीकरण गरेको भए पनि लैङ्गिक उत्तरदायी बजेट अन्ततः खास कार्यक्रमहरूमा कसरी विनियोजन र प्रवाह गरिन्छन् भन्ने कुराको अनुगमन गर्न कठिन रहन्छ । तसर्थ, सरकारको कोषहरूले नेपाललाई कसरी लैङ्गिक समानताको लक्ष्य नजिक पुऱ्याउँछन् भन्ने स्पष्ट छैन ।

> ***"नेपाल सरकारले लैङ्गिक उत्तरदायी बजेटमा विश्व अग्रणी मुलुकको आफ्नो स्थितिलाई थप मजबुट बनाउन लैङ्गिक उत्तरदायी बजेटलाई राष्ट्रिय लैङ्गिक प्राथमिकताहरूसँग जोडिएको सुनिश्चित गर्नुपर्ने हुन्छ र यसको राष्ट्रिय लैङ्गिक उत्तरदायी बजेट अभ्यासहरू सबै प्रदेश र स्थानीय सरकारमा एकीकृत गरिनुपर्छ "-*** *विश्व बैंक ।*

राष्ट्रिय बजेटको व्यवस्थापन र प्रतिवेदन प्रकाशित बाहेक अर्थ मन्त्रालयले नेपाल सहायता व्यवस्थापन सूचना प्रणाली (AMIS)[३५] पनि स्थापना गरेको छ, जसले नेपालमा विदेशी सहायताका परियोजनाहरू सम्बन्धी जानकारीको आधिकारिक स्रोतको रूपमा कार्य गर्दछ।[३६] AMIS अन्तर्गत अन्तर्राष्ट्रिय लगानीका परियोजनाहरूलाई लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण प्रदान गर्न सकिन्छ, जसले कुन परियोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपममा लैङ्गिक समानतामा सहयोग गर्दछ भनी प्रयोगकर्ताको बुझ्न सजिलो बनाउँछ। तथापि, AMIS ले हाल दाताको कोष वा परियोजनाहरूलाई लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण अनुसार फिल्टर गर्ने विकल्प प्रदान गरेको छैन। डाटाबेसहरूमा परियोजना तहको अधारभूत जानकारीमा रहेको भिन्नताले ब्क्ष मञ्च लैङ्गिक वित्त सम्बन्धी नेपालमा रहेका अन्य तथ्यांकहरूको पूरक, पुष्ट्याईं वा खण्डनमा प्रयोग गर्न सजिलो देखिँदैन। तल प्रस्तुत गरिएका केही विचार गर्नुपर्ने प्रमुख पक्षहरूले यी केही विषयहरूलाई लक्षित गर्दछ :

## लैङ्गिक वित्तमा सुधार गर्न नेपाल सरकारले विचार गर्नुपर्ने प्रमुख कुराहरू

हाम्रो खोज निष्कर्षबाट के देखिन्छ भने लैङ्गिक समानता सुधार गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोष प्रवाह सम्बन्धी पारदर्शी जानकारी प्रदान गर्ने नेपाल सरकारको प्रयासका बाबजुद पनि लैङ्गिक अभियन्ताहरूको तथ्यांक आवश्यकता पूरा भइरहेको छैन। बजेट र नीतिहरूको सम्बन्धमा हामीले गरेको विश्लेषण र साथै अन्तर्वार्ताबाट आएका सुझावका आधारमा हामी सरकार समक्ष देहायका जिज्ञासा प्रस्तुत गर्दछौं :

### १. सबै तहका सरकार र निकायमा लैङ्गिक उत्तरदायी बजेट लागू गर्ने

नेपालले राष्ट्रिय र विश्व स्तरमा गरेको लैङ्गिक समानताको प्रतिबद्धता पूरा गर्न सरकारले लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी वर्तमान विधि तथा संयन्त्रको कसरी प्रयोग गर्दछ र/वा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा सुधार गर्न नयाँ विधि र संयन्त्र कसरी विकास गर्दछ ?

उदाहरणको लागि :

- के राष्ट्रिय सरकारले (उदाहरणको लागि अर्थ मन्त्रालयको लैङ्गिक उत्तरदायी बजेट समिति र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले संयुक्त रूपमा) आफूले लैङ्गिक समानताका प्राथमिकताहरूमा गरेको खर्च अनुगमन गर्न सरोकारवालासँग सहकार्य गरी लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शन र विधि तयार गर्दछ ?
- लैङ्गिक उत्तरदायी बजेट अभ्यासहरूको कार्यान्वयनमा एकरूपता ल्याउन राष्ट्रिय सरकारले प्रदेश र स्थानीय सरकारलाई कसरी प्रोत्साहन र सहयोग गर्छ र पालना गर्ने बनाउँछ ?
- लैङ्गिक उत्तरदायी बजेट अभ्यासमा वृद्धि गर्न, बजेटको सही वर्गीकरण गर्न र लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको स्थिति मापन गर्न सरकारले तथ्यांक र ज्ञान व्यवस्थापनमा प्राविधिक तालीम र क्षमता विकासमा कसरी लगानी वृद्धि गर्न सक्छ ?

### २. सरकारको लैङ्गिक वित्त तथ्यांकको परिमाण र गुणस्तर सुधार गर्ने

सरकारको लैङ्गिक वित्त तथ्यांकको उपलब्धता र पहुँचमा सुधार गर्न सरकारको कुन विभागले सरकारका सबै तह र अन्तर्राष्ट्रिय दाता, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, राष्ट्रिय गैरसरकारी संस्था, महिलावादी अभियान र प्राज्ञिक संस्थाहरूसँग सहकार्य गर्न सक्छ ?

उदाहरणको लागि :

- लैङ्गिक वित्तका राम्रो तथ्यांक प्रवर्द्धन गर्न विद्यमान तथ्यांक पारदर्शिता नीति तथा कार्यक्रमहरूमा यी सरोकारवालाहरूलाई सहभागी गराउन सक्ने आधारहरू के-के छन् (जस्तै सूचनाको हक सम्बन्धी ऐन २०६४,[३७] सुशासन ऐन २०६४,[३८] सरकारी वेवसाइटहरूको डिजाइन तथा व्यवस्थापन सम्बन्धित निर्देशिका २०६८,[३९] स्थानीय सरकार सञ्चालन ऐन २०७४[४०] आदि) ?
- सहायता व्यवस्थापन सूचना प्रणाली (AMIS) मञ्चमा प्रतिवेदन गर्ने कार्यलाई सुदृढ बनाउन लैङ्गिक समानता गतिविधिमा लगानी र कार्यान्वयन गरिरहेका सरोकारवालासँग अर्थ मन्त्रालय (राष्ट्रिय ट्रेजरी)ले कसरी कार्य गर्न सक्छ ?

### ३. लैङ्गिक अभियन्ताका आवश्यकता पूरा गर्ने

नेपालका गैरसरकारी संस्था र महिला अधिकारवादी संस्थाहरू लगायतका लैङ्गिक अभियन्ताहरूको तथ्यांक आवश्यकता सम्बोधन गर्न, परियोजना डिजाइन र कार्यान्वयनमा उनीहरूलाई आवश्यक पर्ने तथ्यांकबारे जानकारीका लागि आवश्यक सहकार्यमूलक परामर्श र छलफल सुरू गरी उनीहरूलाई यसमा सहभागी गराउन राष्ट्रिय सरकाले के कस्तो कदम चाल्न सक्छ ?

उदाहरणको लागि :

- सबै तहका सरकारलाई जवाफदेही बनाउने, लैङ्गिक कोष विनियोजनका लागि मार्गदर्शन गर्ने, र लैङ्गिक विषयसँग सम्बन्धित तथ्यांकमा सुधार गर्न सहयोग गर्ने सम्बन्धी नागरिक समाजका संस्थाहरूको भूमिका स्पष्ट पार्ने ?
- लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण अनुसार नेपालका लागि दाताबाट भएका कोष लगानी सम्बन्धी जानकारी हेर्न र प्रयोग गर्न नागरिक समाजका संस्थाहरूलाई सजिलो हुनेगरी अर्थमन्त्रालयले सहायता व्यवस्थापन सूचना प्रणाली (AMIS) पोर्टलमा सुधार गर्ने ?

## अन्तर्राष्ट्रिय दाताहरूबाट प्राप्त हुने लैङ्गिक वित्त सहायता

लैङ्गिक समानताको लागि सरकारको बजेट विनियोजन बाहेक नेपालको लागि लैङ्गिक वित्तका उल्लेखनीय स्रोत अन्तर्राष्ट्रिय दाताहरूबाट विकास सहायताको रूपमा आउँछ । यसै कारणले हामीले OECD CRS मा गरिएको अन्तर्राष्ट्रिय दाताहरूको स्वप्रतिवेदनलाई विश्लेषण गर्‍यौं र उनीहरूले प्रवाह गरेका कुन र कति कोषलाई लैङ्गिक सहायता कोष भनी संकेत गरियो भन्ने कुरा हेर्‍यौं (हेर्नुहोस् बाकस २ : OECD-DAC को लैङ्गिक समानता नीति सूचक) । * तालिका २ (पृष्ठ ९) ले सन् २०१८ मा नेपालको लागि आएको अन्तर्राष्ट्रिय दाताहरूको लैङ्गिक सहायताको चित्र समावेश गर्दछ ।

### बाकस २ : OECD-DAC को लैङ्गिक समानता नीति सूचक (Gender equality policy marker)*

OECD-DAC को लैङ्गिक समानता नीति सूचकले संस्थाहरूलाई आफ्नो विकास परियोजनाले कति मात्रामा लैङ्गिक समानतालाई लक्षित गरेको छ भनी संकेत गर्न मद्दत गर्दछ । OECD-DAC को लैङ्गिक समानता सञ्जाल (GENDERNET) ले विकास गरेको मार्गदर्शनको आधारमा दाताहरूले आफ्नो सहायता कोष वा कोष लगानीलाई तलका तीनमध्ये कुनै स्कोर प्रदान गर्न सक्छन् :

***लक्षित नगरिएको*** *(०) लैङ्गिक समानता लक्ष्यमा पर्दैन ।*

***प्रमुख*** *(१) लैङ्गिक समानता प्रमुख उद्देश्यमा पर्छन्, तर मुख्य उद्देश्य होइन ।*

***मुख्य*** *(२) लैङ्गिक समानता मुख्य उद्देश्य हो (सहायता कोषले मुख्य उद्देश्यमा वर्गीकृत हुन धेरै मापदण्ड पूरा गर्नुपर्छ) ।*

स्कोर प्रदान नगरिएको कोषलाई CRS मा छनौट नगरिएको वा खाली मानिन्छ ।

OECD-DAC GENDERNET का अनुसार सबभन्दा धेरै स्थापित र उपलब्ध रहेको विस्तृत तथ्यांक द्वीपक्षीय सरकारी विकास सहायता सम्बन्धी छ, जसलाई OECD-DAC को सदस्यहरूले उपलब्ध गराएका हुन् । DAC सदस्यहरूले आफ्नो ODA को रिपोर्ट गर्न विगत दुई दशकदेखि DAC लैङ्गिक वर्गीकरण सूचकको प्रयोग गर्दै आएका छन् ।[४२] केही DAC सदस्यहरूले लैङ्गिक वर्गीकरणमा पर्ने ODA मापदण्ड पूरा नगर्ने उनीहरूको विकास वित्तलाई अर्को भनी प्रतिवेदन गर्दछन् । निजी परोपकारी संस्था र बहुपक्षीय संस्थाहरू जस्ता विकास अभियन्ताहरूले पनि आफ्नो गतिविधिहरू रिपोर्ट गर्न अहिले DAC लैङ्गिक वर्गीकरण आधार प्रयोग गरिरहेका छन् ।

स्वैच्छिक तथ्यांकको विश्वसनीयतालाई स्थापित द्वीपक्षीय ODA प्रवाहहरूसँग तुलना गर्न सकिँदैन भन्ने कुरामा हामी OECD सँग सहमत भए पनि लैङ्गिक कोष सहायता बारेको हाम्रो बुझाइ भनेको अन्तर्राष्ट्रिय दाताहरूको लैङ्गिक वित्तको अधिकतम समावेशी चित्रमा OECD CRS मा सबै दाताहरूले रिपोर्ट गरेका सबै प्रकारका विकास सहायताहरू पनि पर्दछन् ।

थाहा पाउनुपर्ने एउटा महत्वपूर्ण कुरा के हो भने दाताहरूले लैङ्गिक वर्गीकरण आधार सही रूपमा प्रयोग गरेका छन् वा छैनन् भन्ने निर्क्यौल गर्ने हाल त्यस्तो कुनै बाह्य प्रमाणीकरण प्रक्रिया छैन । दातृ निकायबाट अन्तर्वार्ता सहभागीका अनुसार उनीहरूसँग आफूले प्रदान गरेको लैङ्गिक स्कोरहरूको प्रमाणीकरण गर्न आन्तरिक संरचना रहेको बताए पनि हालै अक्सफामले दाताहरूको सार्वजनिक जानकारीहरूमा रहेर गरेको अध्ययनले धेरै दाताहरूबाट अमिल्दो तरिकाले सहायता कोषलाई लैङ्गिक वर्गीकरण सूचकसँग तुलना गरी मूल्याङ्कन गर्ने गरेको देखाउँछ ।[४३] यसको अर्थ दाताहरूले रिपोर्ट गरेको लैङ्गिक वित्तको अधिमूल्यन वा अवमूल्यन हुने जोखिम रहन्छ ।

**तालिका २ : OECD CRS तथ्यांक अनुसार सन् २०१८ मा नेपालका लागि अन्तर्राष्ट्रिय दाताको कोष सहायताको संक्षिप्त जानकारी**

| **सन् २०१८ मा नेपालको लागि अन्तर्राष्ट्रिय दाताको लैङ्गिक सहायता कोषको संक्षिप्त झलक** | | |
|---|---|---|
| **नेपालका लागि कूल विकास सहायताको विवरण**<br>*(प्रापकको नाम : नेपाल, दाताको नाम : सबै (कूल अमेरिकी डलरमा वितरण)* | **कूल (अमेरिकी डलरमा)** | **कूल विकास सहायताको प्रतिशत** |
| नेपालको लागि विकास सहायता<br>*(कूल अमेरिकी डलरमा वितरण)* | १.६ बिलियन | १००% |
| लैङ्गिक वर्गीकरण आधारसँग सहायताको परीक्षण<br>*(अमेरिकी डलरमा वितरण, लैङ्गिक मान ०, १ वा २ भएको)* | १.१ बिलियन | ६८% |
| लैङ्गिक वर्गीकरण आधारसँग सहायताको परीक्षण नगरिएको<br>*(अमेरिकी डलरमा वितरण, लैङ्गिक मान नभएको खाली)* | ५२८ मिलियन | ३२% |
| नेपालको लागि कूल लैङ्गिक सहायता कोष<br>*(अमेरिकी डलरमा वितरण, लैङ्गिक मान १ वा २ भएको)* | ८६९ मिलियन | ५३% |
| प्रमुख लैङ्गिक वित्त<br>*(अमेरिकी डलरमा वितरण, लैङ्गिक मान १ भएको)* | ७८४ मिलियन | ४८% |
| मुख्य लैङ्गिक वित्त<br>*(अमेरिकी डलरमा वितरण, लैङ्गिक मान २ भएको)* | ८६ मिलियन | ५% |

| **लैङ्गिक सहायता कोषको विवरण**<br>*(अमेरिकी डलरमा वितरण, लैङ्गिक मान १ वा २ भएको)* | |
|---|---|
| कोष प्रवाहको प्रकार<br>(प्रवाहको नाम) | • सरकारी विकास सहायता (ODA) ऋणहरू (५४.०५%)<br>• सरकारी विकास सहायता अनुदान (४६.६३%)<br>• निजी विकास वित्त वा निजी प्रवाह (०.३२%) |
| तीनवटा अधिक लोकप्रिय प्रकारको कोष सहायता गतिविधिहरू<br>*[Aid_t]* | • अल्पकालीन परियोजनाहरू (५४%), यसमा नेपाल सरकारले स्वीकृति दिएको परियोजनाहरू (CO1) र अन्य संस्थाहरूको कार्यक्रम (BO3) पर्दछन्।<br>• नेपालको विषय क्षेत्र बजेटहरूमा योगदान (४३%)<br>• स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, सार्वजनिक-निजी साझेदारी, फाउन्डेसन र अनुसन्धान प्रतिष्ठानहरूलाई मूल सहयोग (१%) |
| तीनवटा अधिक लोकप्रिय प्रकारको कार्यान्वयन संस्थाहरू<br>*[ParentChannelCode]* | • नेपाल सरकार (६४)<br>• दाताको मुलुकमा आधारित निजी क्षेत्र (८%)<br>• दाताको मुलुकमा आधारित गैरसरकारी संस्थाहरू (८%) |
| लैङ्गिक सहायता कोष प्राप्त गर्ने क्षेत्रहरूको सङ्ख्या<br>*[SectorName]* | ३२ |
| लैङ्गिक सहायता कोषको लागि तीनवटा अधिक लोकप्रिय क्षेत्र<br>*[SectorName]* | • सरकार र नागरिक समाज (२९%)<br>• खानेपानी तथा सरसफाइ (८%)<br>• पुनर्निर्माण, राहत तथा पुनर्स्थापन (७%) |
| लैङ्गिक सहायता कोषको लागि तीनवटा अधिक लोकप्रिय विषय<br>*[PurposeName]* | • सार्वजनिक वित्त व्यवस्थापन (१०%)<br>• विकेन्द्रीकरण र प्रदेश तथा स्थानीय सरकारलाई सहयोग (१०%)<br>• आपतकाल पछि लगतैको पुनर्निर्माण र पुनर्स्थापन (७०% |
| प्रमुख लैङ्गिक समानता विषयलाई वित्त लगानी<br>*[PurposeCodes 15170 and 15180]* | • महिला अधिकारवादी संस्था र अभियानहरू, र सरकारी प्रतिष्ठान/संस्थाहरू (२%)<br>• महिला र बालिका हिंसाको अन्त्य गर्ने (०.३%) |

**नोटः** *यस अनुसन्धानमा समावेश गरिएका नम्बरहरू त्यसबेला उपलब्ध सबभन्दा पछिल्लो र पूर्ण OECD CRS तथ्यांक थियो, र यसलाई पछिल्लो पटक नोभेम्बर २०२० मा अद्यावधिक गरिएको थियो।[४४] यस तालिकामा समावेश गरिएको प्राविधिक भाषा सम्बन्धी (जस्तै CRS कोड र परिभाषाहरू) थप जानकारीको लागि कृपया OECD को पछिल्लो DAC र DRS कोड सूचीहरू हेर्नुहोस्।[४५]*

**नेपालको लागि राम्रो लैङ्गिक वित्त तथ्यांकको आवश्यकतालाई तब राम्रोसँग बुझिन्छ जब राष्ट्रिय लैङ्गिक वित्त चित्रलाई अन्तर्राष्ट्रिय लैङ्गिक वित्तसँग तुलना गरिन्छ।** नेपालको अवलोकन गर्न सकिने राष्ट्रिय लैङ्गिक वित्त (८.९ बिलियन डलर, तालिका १ हेर्नुहोस्) र अन्तर्राष्ट्रिय दाताहरूले स्वप्रतिवेदन गरेका नेपालका लागि लैङ्गिक सहायता कोष (८६९ मिलियन डलर, तालिका ३ हेर्नुहोस्) बीचको तुलनाबाट सन् २०१८ मा नेपाल सरकारले अन्तर्राष्ट्रिय दाताहरूको भन्दा लगभग दशगुणा बढी लैङ्गिक समानता सुधारमा खर्च गरेको देखिन्छ। तथापि, OECD CRS को तथ्यांक अनुसार त्यो वर्षमा नेपालको लागि आएको अन्तर्राष्ट्रिय लैङ्गिक वित्त धेरैजसो हिस्सा नेपाल सरकारबाट कार्यान्वयन गरिएको थियो (६४ प्रतिशत)। हाल राष्ट्रिय बजेटले लैङ्गिक उत्तरदायी बजेटमा वर्गीकृत अन्तर्राष्ट्रिय कोषहरूलाई राष्ट्रिय सरकारले अन्ततः कसरी विनियोजन गरिन्छ भन्नेमा केही नखुलाएको हुँदा नेपालमा लैङ्गिक समानता सुधार गर्न आएका अन्तर्राष्ट्रिय कोषहरूको दोहोरो गणना भएको हुनसक्ने देखिन्छ। नेपालको सबै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेटको सामन्जस्य र वृहत प्रयोग, र लैङ्गिक प्राथमिकताहरू प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय लैङ्गिक उत्तरदायी बजेट कोष कसरी प्रवाह गरिन्छ भन्ने तथ्यांकले कोषको विभिन्न स्रोतहरू परिचालित गरिने तरिकाहरूमा अझ बढी ज्ञान प्रदान गर्न सक्छ।

यसका अतिरिक्त अन्तर्राष्ट्रिय दाताको कोष लगानी सम्बन्धी अझ बढी वर्गीकृत जानकारीले (उदाहरणको लागि OECD CRS को माध्यमबाट वा नेपालको राष्ट्रिय बजेटहरूमा नै प्रतिबिम्बित) कसरी अन्तर्राष्ट्रिय दाताहरूले उनीहरूको लैङ्गिक वित्तलाई नेपाल सरकारसँग समन्वय गर्दछ भन्नेमा राम्रोसँग बुझ्न मद्दत गर्दछ। उदाहरणको लागि सरकार र नागरिक समाज, र महिला अधिकारवादी संस्था/अभियानहरू, र सरकारी संस्थाहरूको OECD को वर्तमान क्षेत्रगत वर्गीकरणबाट दाताको लैङ्गिक सहायता कोषले कुन हदसम्म सरकारको वा नागरिक समाजका संस्थाहरूको लैङ्गिक समानता पहलहरूलाई सहयोग गर्ने लक्ष्य राख्दछ भन्ने अस्पष्ट नै रहन्छ। हामी यस प्रतिवेदनको पछिल्लो खण्डमा अन्तर्राष्ट्रिय दाताहरूको लैङ्गिक कोष सहायता परियोजनाहरूको सेरोफेरोमा रहेर विद्यमान पारदर्शिता चुनौतीहरूमा प्रवेश गर्नेछौं। समग्रमा, सरकारको लैङ्गिक उत्तरदायी बजेट र OECD CRS तथ्यांक - हालैका वर्षहरूको सम्बन्धमा आगामी OECD तथ्यांक समेतले - यी खोज निष्कर्षहरूलाई त्रिकोणीय तरिकाले हेर्न सहयोग गर्दछ, र नेपाल सरकार र अन्तर्राष्ट्रिय दाताहरूको लैङ्गिक वित्तका स्वरूपहरूको पहिचान र तुलना गर्न मद्दत गर्दछ।

यस अध्ययनका धेरै सहभागीहरूले दाताहरू र नेपाल सरकारको लैङ्गिक प्राथमिकता बीच फरक रहने गरेको बताएका छन्। दातृ निकायहरूले आफ्नो परियोजनालाई नेपाल सरकारको लैङ्गिक नीति र प्राथमिकता अनुरूप बनाउने प्रयास नगरेको पनि दातृ निकायबाट अधिकांश अन्तर्वार्ता सहभागीहरू बताउँछन्। केही सहभागीले नेपाल सरकारसँग सहकार्य गरी सरकारको नीतिलाई सुदृढ बनाउनुपर्ने धारणा पनि राखेका छन्। तर सरकारी निकाय र नेपालका गैरसरकारी संस्थाका प्रतिनिधिहरू दाताले सरकारको राष्ट्रिय प्राथमिकता अनुरूप आफ्नो कार्यक्रम र परियोजना रहेको दाबी गरे पनि यथार्थमा यस्तो नरहेको बताउँछन्। दाताहरू आफ्नो देशको नीति र स्वार्थबाट प्रेरित हुने गरेको उनीहरूको भनाइ छ। दाताहरूको विभिन्न कोष सहायताले विद्यमान कोष लगानीमा देखिएको कमी केही हदसम्म पूरा गरेको भए पनि नेपाल सरकारले दाताहरूसँग निकट समन्वय गरी दाताको परियोजना साथै राष्ट्रिय एवम् स्थानीय तहका लैङ्गिक समानताका प्रमुख सरोकारवालाहरूलाई राष्ट्रिय प्राथमिकतामा एकीकृत गर्नुपर्ने देखिन्छ।

## विभिन्न डाटासेटहरूले लैङ्गिक सहायता कोषको फरक-फरक चित्रहरू देखाउँछ

OECD CRS र AMIS को केन्द्रीकृत डाटासेटहरू बाहेक अन्तर्राष्ट्रिय कोषदाताहरूले नेपालका लागि लैङ्गिक समानता गतिविधिहरूमा उनीहरूले लगानी गरेका कोषको बारेमा इन्टरनेशनल एड ट्रान्सपरेन्सी इनिसिएटिभ्स (IATI) मा रिपोर्ट गर्न सक्छन्। IATI ले संस्थाहरूलाई OECD DAC को लैङ्गिक समानता वर्गीकरण नै प्रयोग गरी स्वैच्छिक रूपमा प्रतिवेदन प्रकाशित गर्न सहज गर्दछ, अर्थात् लक्षित नगरिएको (०), प्रमुख (१) र मुख्य (२)।[४६] यी दुई मञ्चहरू बीचको प्रमुख भिन्नताहरूको संक्षिप्त जानकारीको लागि तालिका ३ हेर्नुहोस्।

**तालिका ३ : OECD CRS र IATI डाटासेटहरूबीचको प्रमुख भिन्नताहरू**

| | OECD CRS | IATI |
|---|---|---|
| **प्रकाशकहरू** | DAC दाताहरू (अनिवार्य) र गैर DAC दाताहरू (स्वैच्छिक) | सबै दाताहरू र कार्यान्वयन संस्थाहरू (स्वैच्छिक) |
| **प्रमाणीकरण** | OECD ले सबै दाताहरूको प्रतिवेदन प्रमाणीकरण गर्दछ। | IATI मापदण्डमा रहेर स्वचालित प्रमाणीकरण, तर तथ्यांकको शुद्धताको लागि होइन। |
| **समयबद्धता** | प्रकाशकले OECD विकास वित्त तथ्यांकको डाटा चक्र अनुसार जानकारी प्रकाशन गर्दछन्[४७] (न्यूनतम समय ढिलाइ १८ महिना) | प्रकाशकहरूले आफ्नो तथ्यांक कुनै पनि समय अद्यावधिक गर्न सक्छन्, र धेरै ठूला दाताहरूले मासिक वा त्रैमासिक रूपमा यसो गर्दछन्। |
| **नतिजाहरू** | उपलब्ध छैन | प्रकाशकहरूले समीक्षा वा मूल्याङ्कनका लागि नतिजा र लिंक प्रकाशित गर्न सक्छन् |
| **परियोजना दस्तावेजहरू** | उपलब्ध छैन | प्रकाशकहरूले विभिन्न परियोजना दस्तावेजहरू प्रकाशन गर्न सक्छन्[४८] |

***नोट :*** *यी डाटासेटहरू, तिनको सबल र कमजोर पक्ष, तिनको प्रयोग कसरी गर्ने भन्ने प्रदर्शनहरू सम्बन्धी थप जानकारीको लागि हाम्रो हालै विमोचन गरिएको भिडियो अनुशिक्षण शृंखला (अंग्रेजी क्लोज्ड क्याप्सन सहित) हेर्नुहोस्।*[४९]

यद्यपि OECD र IATI दुवैले दाताहरूलाई उही OECD-DAC लैङ्गिक समानता नीति सूचक स्कोरहरू प्रदान गर्न मद्दत गर्दछन्, तर सबै दाताहरूले दुवै डाटासेटहरूमा उही तरिकाले कोष वर्गीकरण सूचकहरू प्रयोग गर्दैनन्। त्यसैगरी, यी दुई डाटासेटको फरक प्रकृतिले पनि (तालिका ३ मा प्रकाश पारिएको) लैङ्गिक सहायता कोषको भिन्न चित्रहरू प्रस्तुत गर्ने सम्भावना रहन्छ। AMIS पोर्टलले मात्र लैङ्गिक सहायता कोषलाई नेपालको लैङ्गिक उत्तरदायी वर्गीकरणले संकेत गर्न मद्दत गर्दछ, जसको OECD DAC को लैङ्गिक सूचकभन्दा फरक मापदण्ड छ। त्यसैगरी, केही द्वीपक्षीय र बहुपक्षीय दातृ निकायहरूले उनीहरूको परियोजनाहरू लैङ्गिक उत्तरदायी बजेट अनुरूप वर्गीकरण गर्न अर्थ मन्त्रालय जिम्मेवार रहेको बताएका छन्। अर्थात्, अन्तर्राष्ट्रिय दाताहरूले उनीहरूको लैङ्गिक सहायता कोषलाई नेपाल सरकारको सहायता व्यवस्थापन सूचना प्रणालीमा वर्गीकरण गर्नु पर्दैन। यसबाट के देखिन्छ भने तीनवटा फरक डाटासेटहरूले लैङ्गिक समानता कोषको धेरै भिन्न चित्रहरू प्रस्तुत गर्दछन्। उदाहरणको लागि, तालिका ४ ले नेपालमा सबभन्दा धेरै लैङ्गिक सहायता कोष खर्च गर्ने दाताहरूलाई यी प्रत्येक मञ्चहरूले कसरी फरक रूपमा चित्रण गरेका छन् भनी देखाउँछ।


**तालिका ४ : OECD-DAC लैङ्गिक समानता नीति संकेत अनुसार OECD CRS र IATI मा गरिएको प्रतिवेदन, र GRB वर्गीकरण अनुसार AMIS मा गरिएको प्रतिवेदनको आधारमा शीर्ष पाँच कोषदाताहरूको तुलना**

| **भिन्न केन्द्रीकृत डाटासेटहरूको आधारमा सन् २०१८ मा नेपालका लागि शीर्ष पाँच लैङ्गिक सहायता कोषदाताहरू** | | | |
|---|---|---|---|
| सबभन्दा धेरै लैङ्गिक सहायता कोष प्रदान गर्ने दाता | **OECD CRS** | **IATI** | **AMIS** |
| | लैङ्गिक मान १ वा २ भएको कोष लगानी | लैङ्गिक समानता नीति वर्गीकरण मान १ (प्रमुख) वा २ (मुख्य) भएको कोष लगानी, सन् २०१८ मा चालू रहेका सबै परियोजनाहरूलाई समेट्न उक्त वर्षलाई न्यूनतम र अधिकतम सीमा वर्ष राखिएको | लैङ्गिक मूलप्रवाहीकरण भएको कूल सरकारी विकास सहायता (प्रत्यक्ष वा अप्रत्यक्ष तरिकाले सहयोग गर्ने) |
| #१ | एसियाली विकास बैंक | युरोपियन कमिसन - अन्तर्राष्ट्रिय सहयोग तथा विकासको लागि महानिर्देशनालय | एसियाली विकास बैंक |
| #२ | विश्व बैक अन्तर्राष्ट्रिय विकास संगठन (WB-IDA) | युनिसेफ | चीन |
| #३ | बेलायतको फोरेन कमनवेल्थ एण्ड डेभलपमेन्ट अफिस (FCDO, पहिले डिएफ्आइडी) | जर्मनको विदेशी मामिला तथा आर्थिक सहायता मन्त्रालय | विश्व बैंक समूह |
| #४ | अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएड) | नर्वेली विकास सहायता नियोग | बेलायत |
| #५ | जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) | गाभी, द भ्याक्सिन अलायन्स | जापान |

***नोट:*** *यस अनुसन्धानमा समावेश गरिएका नम्बरहरू त्यसबेला उपलब्ध सबभन्दा पछिल्लो र पूर्ण OECD CRS तथ्यांक थियो, र यसलाई पछिल्लो पटक नोभेम्बर २०२० मा अद्यावधिक गरिएको थियो।[४०] IATI तथ्यांकलाई IATI को विकास पोर्टलबाट फेब्रुअरी १६, २०२१ मा तानिएको हो।[४१] IATA को प्राविधिक भाषा सम्बन्धी (जस्तै कोड र परिभाषाहरू) थप जानकारीको लागि कृपया IATI को पछिल्लो कोड सूचीहरू हेर्नुहोस्।[४२] AMIS ले दाताहरूको कोष लगानी वा परियोजनालाई लैङ्गिक उत्तरदायी बजेट वर्गीकरण अनुसार (अर्थ मन्त्रालयको लागि यसलाई मिलाउने सम्बन्धी माथि प्रस्तुत गरिएका विचार गर्नुपर्ने कुराहरू हेर्नुहोस्) प्रयोगकर्तालाई फिल्टर गर्ने विकल्प प्रदान गर्ने भएकोले सन् २०१८/१९ आर्थिक वर्षको विकास साझेदारहरूको लैङ्गिक मूलप्रवाहीकरण सरकारी विकास सहायता कोष लगानी सम्बन्धी AMIS तथ्यांकलाई अर्थ मन्त्रालयको वार्षिक विकास सहायता प्रतिवेदन २०१९ भित्र सारांश गरिएको छ।[४३]*

*त्यसैगरी, दाताहरूबाट OECD DAC को लैङ्गिक समानता नीति सूचकको जथाभावी प्रयोग र OEC CRS र IATI मा फरक-फरक तथ्यांक प्रकाशनले यी दुई मञ्चमा रिपोर्ट गरिएको लैङ्गिक समानता सम्बन्धी परियोजनाको संख्यामा पनि भिन्नता देखिन्छ। उदाहरणको लागि चित्र २ हेर्नुहोस्।*

**चित्र २ : नेपालका लागि सन् २०१८ मा धेरै कोष प्रवाह गर्ने शीर्ष पाँच दाताहरूले गरेको प्रतिवेदन अनुसार प्रमुख वा मुख्य OECD-DAC लैङ्गिक समानता नीति सूचक स्कोर भएका लैङ्गिक समानता परियोजनाहरूको सङ्ख्या**




## दाताहरूको लैङ्गिक वित्तले नेपालममा फरकपन ल्याएको छ छैन भन्ने थाहा पाउन किन कठिन छ ?

परियोजना तहमा हामीले गरेको मूल्याङ्कनले सन् २०१८ मा नेपालका लागि शीर्ष पाँच अन्तर्राष्ट्रिय लैङ्गिक समानताका दाताहरू (ADB, विश्व बैंक अन्तर्राष्ट्रिय विकास संगठन, FCDO, USAID र JICA)बाट सहयोग प्रदान गरिएका २२ वटा उच्च मूल्य भएका लैङ्गिक समानताका पहलहरूलाई गहिराइ हेरेको छ । यो अनुसन्धानको समयमा सन् २०१८ का लागि पछिल्लो उपलब्ध OECD CRS नम्बरहरूको आधारमा (अन्तिम पटक नोभेम्बर २०२० मा अद्यावधिक गरिएको) यी परियोजनाहरूले नेपालको लागि त्यस वर्ष रिपोर्ट गरिएको कूल लैङ्गिक सहायता कोष प्रवाहको जम्मा ४४ प्रतिशत हिस्सा ओगटेका छन् । यी २२ परियोजनाहरूको संक्षिप्त जानकारी, तिनको परियोजना शीर्षक, कोष प्रवाह, लैङ्गिक स्कोर, लक्षित क्षेत्रहरू र IATI मा वा दाताको आफ्नै पोर्टलमा रहेका अन्य पेजहरूको लिंकको लागि नेपालको परियोजना सूची हेर्नुहोस् ।[५४]

**समग्रमा, दाताहरूले कसलाई लक्षित गर्दैछन् (महिला, फरक लिंग भएका वर्ग, लैङ्गिक हिंसामा परेका), यी परियोजनाहरूले लैङ्गिक असमानतालाई बल पुऱ्याउँदैन भन्ने सुनिश्चित गर्न दाताहरूले के उपाय अपनाएका छन्, र नेपालमा यी परियोजनाहरूले लैङ्गिक समानतामा वास्तवमा के प्रभाव पारिरहेका छन् भन्ने स्पष्ट नरहेको हाम्रो विश्लेषणले देखाउँछ ।**

यी २२ वटा परियोजनाहरूमा, OECD CRS भन्दा बाहिरका मञ्चमा रिपोर्ट गरिएका कुनै पनि परियोजनाले OECD को लैङ्गिक समानता नीति सूचक एकरूपता हिसाबले प्रयोग गरेका थिएनन् । OECD CRS, IATI, AMIS, र दाताको आफ्नै पोर्टलहरूमा रिपोर्ट गरिएको परियोजना जानकारीलाई तुलना गरी हेर्दा हामीले २२ मध्ये १२ वटा परियोजनाको लक्षित लैङ्गिक समूह बारेमा स्पष्ट र एकरूपताको जानकारी पाएनौं, र ८ वटा परियोजनामा हामीले थप पहिचानका विशेषताहरू (उमेर, अपाङ्गता स्थिति, जातीयता) सम्बन्धी जानकारी पायौं । तथापि, १० वटा परियोजनाले मात्र लैङ्गिक विश्लेषण र लैङ्गिक रूपमा वर्गीकृत नतिजाहरू प्रस्तुत गरेका थिए । त्यसैगरी, २२ परियोजना मध्ये सात वटाको मात्र सामयिक र सान्दर्भिक दस्तावेज मूल्याङ्कन/समीक्षा रहेको हामीले पायौं । यी नतिजाहरू परियोजनाको स्थितिमा प्रकाश पार्न महत्वपूर्ण छन्, किनकि झण्डै हाम्रो सर्वेक्षणको दुई तिहाइ उत्तरदाताले आफूले लैङ्गिक विश्लेषण प्रयोग गर्ने बताए, आधाले परियोजनाको लैङ्गिक रूपमा वर्गीकृत नतिजा लगायतका नतिजा प्रयोग गर्ने बताए । दाताहरूले यस प्रकारका जानकारी स्पष्ट र एकरूपताको हिसाबले प्रकाशित नगर्दा यसले विशेषगरी नेपालका गैरसरकारी संस्था, महिला अधिकारवादी संस्था र महिलावादी सञ्जालहरूलाई परियोजनाको डिजाइन र कार्यान्वयन गर्दा पूर्ण परिदृष्य प्राप्त गर्न झन कठिन बनाउँछ ।

> ***"तथ्यांकले लक्षित जनसङ्ख्यालाई मद्दत गर्न, कार्य क्षेत्र बढाउन र प्रभावको बुझाइमा महत्वपूर्ण भूमिका खेल्दछ ।"*** - अक्सफाम

अन्तर्राष्ट्रिय दाताहरूसँगको छलफलबाट हामीले के बुझ्यौं भने OECD CRS र IATI को प्रतिवेदन मापदण्ड र/वा डाटासेटहरूमा धेरै समस्याहरू छन्, जसले लैङ्गिक समानता परियोजना सम्बन्धी जानकारी एकरूपता र वृहत हिसाबले रिपोर्ट गर्ने उनीहरूको क्षमतालाई सीमित गर्दछ। हामीले यी कुराहरूलाई हाम्रो आगामी ग्लोबल ट्रान्सपरेन्सी रिपोर्टमा खुलाउँदै दाताहरू साथै यी तथ्यांक मञ्चहरूको लागि सिफारिस प्रस्तुत गर्दछौं। हामी यसमा सबै अन्तर्राष्ट्रिय दाताहरूको विचारलाई स्वागत गर्दछौं र यस प्रकारका सुधारका लागि पैरवी गर्न सहकार्य गर्ने अपेक्षा गर्दछौं।

दाता सम्बन्धी हाम्रो मूल्याङ्कनले दाताहरूले कस्तो प्रकारका तथ्यांक प्रकाशित गरिरहेका छन् भन्ने मात्र देखाउँछ। लैङ्गिक वित्त सम्बन्धी विश्वसनीय तथ्यांकको लागि यस्ता तथ्यांकको सङ्कलन, विश्लेषण र व्यवस्थापनमा स्थानीय लैङ्गिक अभियन्ताहरूको भूमिकालाई पनि सम्बोधन गर्नु जरुरी छ। नेपालका गैरसरकारी संस्था, महिला अधिकारवादी संस्था र महिलावादी अभियानका अन्तर्वार्ता सहभागीहरूले लैङ्गिक सहायताका **कोषले पर्याप्त पहुँच बनाउन र सांगठनिक क्षमतामा सुधार गर्न नसकेको बताए।** उदाहरणको लागि, नेपालमा कार्यरत गैरसरकारी संस्थाका अन्तर्वार्ता सहभागीका अनुसार उपलब्ध कोषहरूमा धेरै लचकता नहुने, कोषको आकार सानो हुने र प्रायः अल्पकालीन तथा परियोजना आधारित रहने गरेका छन् र यसले संस्थाहरूको तथ्यांक सम्बन्धी सन्दर्भमा दीर्घकालीन क्षमता विकासमा योगदान गर्दैनन्। त्यसैगरी, हालैका वर्षमा दाताहरूको प्राथमिकतामा परिवर्तन आएको र यसले थोरै कोष सहायताका अवसरहरू सिर्जना गरेको उनीहरूको भनाइ छ। संस्थाको दीर्घकालीन क्षमता विकास नहुनु भनेको तथ्यांक नियमित रूपमा सङ्कलन, व्यवस्थापन र प्रकाशित गर्न कठिन हुनु हो भन्ने कुरामा सहभागीहरूले बारम्बार जोड दिए। धेरैले तथ्यांक सम्बन्धी संस्थागत क्षमतामा सहयोग गर्ने मूल कोष सहायताको अभावलाई कारणको रूपमा बताएका छन्। संस्थागत क्षमता विकास नभएसम्म संस्थाको गतिविधिहरूको पूर्ण र गुणस्तरीय प्रतिवेदनको अपेक्षा गर्नु यथार्थपरक नहुने सहभागीहरू बताउँछन्। दाताहरूले यी सरोकारवालाहरूसँग मिलेर कार्य गरी तथ्यांक प्रयोग र आदानप्रदानमा उनीहरूले सामना गरिरहेका समस्याहरू बुझ्न जरुरी देखिन्छ। यसो भएमा दीर्घकालमा यसले तथ्यांकको गुणस्तर र सामयिकताको समस्या हल गर्न मद्दत गर्नेछ।

## लैङ्गिक वित्त तथ्यांकमा सुधारका लागि अन्तर्राष्ट्रिय दाताहरूले विचार गर्नुपर्ने प्रमुख कुराहरू

लैङ्गिक गतिविधिको पूर्ण र स्पष्ट कोष सहायता तथ्यांकले दाताहरूलाई नेपालमा लैङ्गिक समानता सुधारका लागि कोष सहायताको सुसूचित निर्णय गर्न मद्दत गर्नेछ। यस अध्ययनले गरेको तथ्यांक विश्लेषण, दाताको पारदर्शिता मूल्याङ्कन र अन्तर्वार्ता सहभागीहरूको सुझावको आधारमा अन्तर्राष्ट्रिय कोष प्रदायकहरू, दाताहरू, गैरसरकारी संस्थाहरू र परोपकारी संस्थाहरूका लागि तलका सुझावहरू विचारका लागि प्रस्तुत गर्दछौं।

### १. स्थानीय लैङ्गिक समानताका अभियन्ताहरूको क्षमता र तथ्यांक प्रकाशनमा सहयोग गर्ने

तथ्यांक व्यवस्थापनको पक्षमा दिगो र दीर्घकालीन क्षमताको सुनिश्चित गर्न नेपालमा आधारित गैरसरकारी संस्थाहरू, महिला अधिकारवादी संस्थाहरू र महिलावादी सञ्जालहरूलाई लैङ्गिकतासँग सम्बन्धित वित्तीय र कार्यक्रमगत तथ्यांक सङ्कलन, व्यवस्थापन, विश्लेषण र प्रकाश गर्न दाताहरूले कसरी सहयोग गर्न सक्छन्?

उदाहरणको लागि :

- के दाताहरूले नेपालमा कार्यरत गैरसरकारी संस्था, महिला अधिकारवादी संस्था र महिलावादी सञ्जालहरूको लागि प्रतिवेदन, तथ्यांक सङ्कलन, विश्लेषण र सामान्य तथ्यांक व्यस्थापनमा सुधार गर्न मूल कोष लगानी वृद्धि गर्न सक्छन्, र/वा परियोजना कोषमा नै छुट्टै बजेट शीर्षक समावेश गर्न सक्छन्?
- दाताको कोष सहायताका परियोजनाहरूको जानकारी समावेश हुने OECD CRS, IATI, AMIS र दाताहरूको आफ्नै तथ्यांक पोर्टलहरू जस्ता डाटाबेसप्रति स्थानीय संस्थाहरूको सचेतना र प्रयोग वृद्धि गर्न दाताहरूले प्राविधिक सहायता वा क्षमता विकास प्रदान गर्न सक्छन्??

### २. लैङ्गिक अभियन्ताहरूको तथ्यांक आवश्यकताका पक्षमा उनीहरूसँग मिलेर कार्य गर्ने

लैङ्गिक समानतामा कार्यरत नेपालका गैरसरकारी संस्था, महिला अधिकारवादी संस्था र महिलावादी सञ्जालहरूको तथ्यांक आवश्यकतासँग आफ्नो प्रकाशन अभ्यासहरूलाई तादाम्य बनाउन दाताहरूले अझ बढी समावेशी र सहकार्यमूलक सहभागिता मार्ग कसरी सिर्जना गर्न सक्छन्?

उदाहरणको लागि :

- नेपालमा आधारित गैरसरकारी संस्था, महिला अधिकारवादी संस्था र महिलावादी सञ्जालहरूलाई लैङ्गिक तथ्यांकका विषयमा हुने वार्तालापमा समावेश गर्न र सहभागिता प्रवर्द्धन गर्न दाताहरूले विद्यामान मञ्चहरू र/वा संयन्त्रहरूको उपयोग गर्न सक्छन्। उदाहरणको लागि, दाताको लैङ्गिक तथा सामाजिक समावेशी कार्य समूह र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संगठन जस्ता समूहमा समावेश गर्ने?

### ३. दाताको कन्ट्री अफिसहरूलाई सहयोग गर्ने

नेपालमा लैङ्गिक अभियन्ताहरूको तथ्यांक आवश्यकता पूरा गर्न दाताको प्रधान कार्यालयका कर्मचारीले उनीहरूको कन्ट्री अफिसलाई के सहयोग प्रदान गर्न सक्छन्?

## वर्तमान लैङ्गिक कोष सहायता चित्रबाट के कुरा छुटेको छ ?

- **लैङ्गिक समानता कोष सहायताको उपलब्धतामा कोभिडले असर गरिरहेको छ :** अन्तर्वार्ताका सहभागीले यो प्रश्नको जवाफमा उनीहरूले कोभिड-१९ को प्रभावहरूलाई सम्बोधन गर्न आफ्नो कार्यक्रमहरूलाई पुनर्संरचना वा समायोजन गर्नु परेको बताए। यो अवस्था सबै संस्थाहरूमा उस्तै छ। तथापि, महामारीको प्रतिकार्य संस्थापिच्छे भिन्नता रहेको छ। केही दाताहरू तत्कालको लागि लचकदार भएका छन्। तर स्थानीय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका अन्तवार्ता सहभागीहरूको चिन्ता के छ भने कोभिड महामारीले कार्यक्रमहरूको लागि दीर्घकालीन कोष सहायतामा कमी आउनेछ र दाताहरूको प्राथमिकता लैङ्गिकताबाट हटेर कोभिड-१९ ले सिर्जना गरेका समस्याहरूको सम्बोधनमा जानेछ। नेपालमा कार्यरत गैरसरकारी संस्थाका एक जना अन्तर्वार्ता सहभागीले कोभिडले महिला र लैङ्गिक समानताका कार्यक्रमका लागि कोष सहायतामा धेरै कमी ल्याउनेछ भन्ने आफूलाई लागेको बताए। हाल, लैङ्गिक समानताका कार्यक्रमहरूको लागि कोष उपलब्धतामा कोभिड-१९ को प्रभाव मापन गर्न राष्ट्र तहको कुनै पहल सुरू भएको छैन। यसको निदानका लागि कोष सहायता वितरणको निर्णयमा लैङ्गिक दृष्टि समावेश गरी सरकार तथा दाताहरूले कोभिड प्रतिकार्यमा समेत लैङ्गिक समानता निर्माणका अवधारणामा कार्य गर्न जरुरी छ। कोभिड-१९ महामारीले नयाँ असमानता सिर्जना गरेको मात्र छैन, यसले विद्यमान दूरीलाई झन फराकिलो बनाएको छ। कोभिड-१९ मा विश्वव्यापी प्रतिकार्य सम्बन्धी जानकारी प्रकाशित गर्न र अनुगमन गर्न उल्लेखनीय प्रयासहरू भए पनि, उदाहरणको लागि IATI तथ्यांकको प्रयोग,[५५] महामारीको हालैको प्रकृति र विकास साझेदारहरूबाट लैङ्गिक सूचकहरूको जथाभावी प्रयोगले नेपालमा लैङ्गिकतासँग सम्बन्धित कोभिड-१९ को ष सहायताको अद्यावधिक र पूर्ण चित्र प्रस्तुत गर्न कठिन बनाउँछ। नेपालमा कोभिड-१९ प्रतिकार्य कसरी लैङ्गिकताको प्रयासहरूसँग सम्बन्धित छ र यसले लैङ्गिकताका प्रयासहरूमा कसरी निरन्तर प्रभाव पार्दछ भन्ने कुरा बुझ्न तथ्यांक प्रकाशनमा सुधार र सम्बन्धित सरोकारवालाहरूबाट नियमित अनुगमनका प्रयासहरू जरुरी छ।

- **निजी फाउन्डेसन, मानवीय क्षेत्रका कर्ताहरू, गैरसरकारी संस्थाहरू, विकास वित्त संस्थाहरू, र महिला अधिकारवादी संस्थाहरूले लैङ्गिक समानतामा कोष लगानी गरिरहेका छन् :** लैङ्गिक समानताको लागि वित्तीय सहायता सम्बन्धी उपलब्ध जानकारी OECD CRS जस्ता केन्द्रीकृत डाटासेटहरूमा पूर्ण हुँदै गइरहेका छन्।[५६] तथापि, द्वीपक्षीय र बहुपक्षीय दाताहरूले रिपोर्ट गरेका कोष सहायतासँग तुलना गर्दा यस प्रतिवेदनले हेरेको दुई मुख्य विश्व डाटासेट (OECD र IATI) मा लैङ्गिकतासँग सम्बन्धित परोपकारी, मानवीय, विकास वित्त प्रवाह गर्ने संस्थाका लगानीहरू र आधारभूत तहका कोष सहायता सम्बन्धी जानकारी तुलनात्मक रूपमा थोरै छन्। हामी हाम्रो आगामी ग्लोबल ट्रान्सपरेन्सी प्रतिवेदनमा यसबारे अझ विस्तृत खोजी गर्नेछौं।

## निष्कर्ष

नेपालको लागि आउने लैङ्गिक समानता वित्तलाई पारदर्शी बनाउन नेपाल सरकार र अन्तर्राष्ट्रिय दाताहरूले प्रशंसनीय कार्य गरेका छन्। नेपालमा लैङ्गिक समानता पहलहरू सम्बन्धी तथ्यांक प्रकाशन गर्नु लैङ्गिक वित्तको प्रभाव मापन गर्ने, कार्यक्रम डिजाइनका लागि सूचना लिन, लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्न र सबै संगठनात्मक संरचनाहरूबाट प्रतिबद्धता प्राप्त गर्नको लागि अपरिहार्य छ।


हाम्रो दस्तावेज अध्ययन र अन्तर्वार्ता सहभागीहरूको सुझाव अनुसार सरकार र दाताहरूबाट लैङ्गिक समानताको लागि हुने राष्ट्रिय तथा अन्तर्राष्टिय लगानीहरूको पहिचान र गुणस्तरमा सुधार गर्न सकियो भने उल्लेख्य प्रगति हासिल गर्न सकिन्छ। यसका अतिरिक्त, नेपालमा लैङ्गिक समानताको क्षेत्रमा कार्यरत नेपालका गैरसरकारी संस्था, महिला अधिकारवादी संस्था र महिलावादी सञ्जालहरूको तथ्यांक आवश्यकता पूरा गर्न र लैङ्गिक वित्त सम्बन्धी तथ्यांकको सङ्कलन, व्यवस्थापन, विश्लेषण र प्रकाशनमा उनीहरूको क्षमता विकास गर्न दाताहरूले उनीहरूसँग ठोस सहकार्य गर्न सक्ने सम्भावना पनि छ।

कुन गतिविधिहरू कार्यान्वयन गरिँदैछन्, कसले गर्दैछन्, कसलाई लक्षित गर्दैछन् (खास जनसङ्ख्या समूह समेत) र कति खर्च गरिँदैछ भन्ने सम्बन्धी स्पष्ट तथ्यांकले सरोकारवालाहरूलाई एकअर्काको कार्यमा योगदान मात्र गर्न सहयोग गर्दैन, यी गतिविधिहरूबाट नेपालमा लैङ्गिक समानता हासिल गर्ने दिशामा भएका विकासको प्रतिफल र प्रभावको बुझाइमा पनि सुधार ल्याउँदै अन्ततः दिगो विकास लक्ष्य ५ हासिल गर्ने दिशामा भएका प्रगति थाहा पाउन मद्दत गर्दछ।

## सन्दर्भ सामाग्रीहरू


१. Government of Nepal Ministry of Finance, Gender Responsive Budgeting guidelines.
२. OECD, DAC gender equality policy marker (2019).
३. International Aid Transparency Initiative (IATI), Policy marker codelist (2021).
४. Oxfam and Women's Budget Group, A Guide to Gender-Responsive Budgeting (2018).
५. OECD-DAC Network on Gender Equality (GENDERNET), Handbook on the OECD-DAC Gender Equality Policy Marker (2014).
६. OECD, Creditor Reporting System (CRS) Data.
७. IATI's d-portal.
८. Government of Nepal Ministry of Finance, AMIS portal.
९. Publish What You Fund, Gender financing project – project level assessment (2021).
१०. Ibid., Nepal project list (2021).
११. Equal Measures 2030, Harnessing the power of data for gender equality: Introducing the 2019 EM2030 SDG Gender Index (2019).
१२. Nepal Central Bureau of Statistics, Census 2011 (2020).
१३. World Bank, World Bank Country and Lending Groups.
१४. UN Committee for Development Policy, List of Least Developed Countries (2021).
१५. World Bank, World Bank Indicators: GDP per capita Nepal (2019).
१६. Ibid., World Bank Indicators: poverty headcount ratio at national poverty lines in Nepal (2018).
१७. Ibid., The World Bank in Nepal (2021).
१८. Translators without Borders, Language data for Nepal.
१९. Asian Development Bank, Overview of Gender Equality and Social Inclusion in Nepal (2010).
२०. Constitute Project, Nepal's Constitution of 2015 (unofficial translation by Nepal Law Society, International IDEA and UNDP, 2021).
२१. Election Commission of Nepal, Gender and Inclusion Policy 2013; Gender and Inclusion Strategy 2015–2020 (2013).
२२. Transforming our world: the 2030 Agenda for Sustainable Development. Resolution adopted by the UN General Assembly on 25 September 2015 (A/RES/70/1).
२३. United Nations, Policy brief: impact of COVID-19 on women (2020).
२४. National Planning Commission (NPC), The Eighth Plan.
२५. S. Ghimire, "Gender responsive budget: Nepal's experience", *Nepal Economic Forum* (August 6, 2019).
२६. Government of Nepal Ministry of Finance, Gender Responsive Budgeting guidelines.
२७. S. Ghimire, "Gender responsive budget: Nepal's experience", *Nepal Economic Forum* (August 6, 2019).
२८. Government of Nepal Ministry of Finance, Budget details: Red Book.
२९. Exchange rate at the beginning of budget cycle 2018/19, 2019/20, and 2020/21.
३०. Government of Nepal Ministry of Finance, 2018–2019 Red Book budget.
३१. Ibid., 2019–2020 Red Book budget.
३२. Ibid., 2020–2021 Red Book budget.
३३. Rainadevi Chhahara Rural Municpality, Budget program (2021).
३४. G. Singh, Remarks: Launch of GRB GESI Manual, UN Women (July 5, 2019).
३५. Government of Nepal Ministry of Finance, AMIS portal.
३६. Ibid., AMIS User Manual.
३७. Nepal Law Commission, Right to Information Act, 2064 (2007).
३८. Ibid., Good Governance (Management and Operation) Act 2064 (2008).
३९. Department of Information Technology, Directives to design and manage government websites, 2068 (2021).
४०. Ministry of Federal Affairs and General Administration (MoFAGA), Local Government Communication Act (2017).
४१. A. Grabowski and P. Essick, "Are they really gender equality projects?" Oxfam Research Reports (2020).
४२. OECD-DAC Network on Gender Equality (GENDERNET), Handbook on the OECD-DAC Gender Equality Policy Marker (2014).
४३. Ibid., Development finance for gender equality and women's empowerment: A 2021 snapshot (2021).
४४. OECD, Creditor Reporting System (CRS) Data.
४५. Ibid., DAC and CRS code lists.
४६. International Aid Transparency Initiative (IATI), Policy marker codelist (2021).
४७. OECD, Development Finance Statistics Data Cycle.
४८. International Aid Transparency Initiative (IATI), Core codelist: Documentary Category (2021).
४९. J. Holton, Learn how to track gender financing with our video tutorial series, Publish What You Fund (2021).
५०. OECD, Creditor Reporting System (CRS) Data.
५१. International Aid Transparency Initiative (IATI), Nepal.
५२. Ibid., Codelists.
५३. Government of Nepal Ministry of Finance, Development Cooperation Report: annual report 2019 (2019).
५४. Publish What You Fund, Nepal project list (2021).
५५. International Aid Transparency Initiative (IATI), COVID-19 data published to IATI: what do we know and what's next? (2020)
५६. OECD-DAC Network on Gender Equality (GENDERNET), Development finance for gender equality and women's empowerment: A 2021 snapshot (2021).

#लैङ्गिकवित्त



Friends of Publish What You Fund

Publish What You Fund
The Global Campaign for Aid and Development Transparency